REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs                                                                                   Date: **07**.**04**.2025

**सिएम हाइ लेभल मिटिङ**

मुख्यमन्त्री प्रेमसिंह तामाङ आज बिहान केन्द्रीय पूर्वोत्तर मन्त्रालयद्वारा डाकिएको कृषि तथा बाग्वानीमाथि उच्च स्तरीय कार्यबलको बैठकमा सहभागी हुनुभयो। भिडियो कन्फरेन्सिद्वारा आयोजित बैठकमा केन्द्रीय मन्त्रीहरू, पूर्वोत्तर राज्यहरूका मुख्यमन्त्रीहरू र क्याबिनेट मन्त्रीहरूले, ले कृषि तथा बाग्वानीमा मूल्य श्रृङ्खला र बजार सम्पर्कलाई सुदृढ़ बनाउनुपर्ने सम्वन्धमा विचारविमर्स गरे। यसमा बोल्दै मुख्यमन्त्री श्री तामाङले यी प्रमुख क्षेत्रहरूको पूर्ण क्षमतालाई प्रयोगमा ल्याउन, नीतिमा सुधार, राष्ट्रियकृत ब्याङकहरूबाट सहयोग प्रौद्योगिकीलाई अप्नाउनुपर्ने, उन्नत पूर्वाधार र असल सम्पर्क व्यवस्थाको आवश्यकतामाथि जोड़ दिनुभयो। कृषि केन्द्रित बैठकपछि मुख्यमन्त्री पूर्वत्तरमा निवेश प्रबर्द्धन तथा पर्यटन सम्बन्धी उच्च स्तरीय कार्यबलको बैठकमा पनि भाग लिनुभयो। यसमा पूर्वोत्तर क्षेत्रमा निवेशलाई आकर्षित गर्न पर्यटनको प्रवर्द्धनका लागि अवसरहरू पत्तो लगाउने सम्वन्धमा चर्चा भयो। श्री तामङले क्षेत्रको कृषि र पर्यटन परिदृश्यमा परिवर्तन ल्याउनमा सहयोगात्मक कार्य गर्ने राज्य सरकारको प्रतिबद्धता व्यक्त गर्नुभयो

**वल्ड हेल्थ डे**

स्वास्थ्य र यससित सम्बन्धित असल बानी ब्यवहारबारे जागरूकता बढाउन सारा विश्वमा आज विश्व स्वास्थ्य दिवस मनाइयो विश्व स्वास्थ्य संगठन अनुसार यस वर्षको विषय थियो- 'स्वस्थ शुरूआत आशावादी भविष्य'। यसको उद्देशय मातृ र नवजात मृत्युलाई रोक्नु र महिलाहरूको दीर्घकालिक स्वास्थ्य तथा कल्याणलाई प्राथमिकता दिनु हो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले एक स्वास्थ विश्वको निर्माणका लागि आफ्नो प्रतिबद्धता पुष्टि गर्नुभयो। आफ्नो सन्देशमा उहाँले भन्नुभयो सरकारले स्वास्थ्य सेवामा ध्यान केन्द्रित गरिरहनेछ र मानिसहरूका कल्याणार्थ विभिन्न क्षेत्रहरूमा निवेश गर्नेछ। श्री मोदीले असल स्वास्थ्य प्रत्येक सम्पन्न समाजको आधार हुने कुरोमाथि जोड़ दिनुभएको छ। आकाशवाणी समाचारसितको एक विशेष साक्षारकारमा केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण राज्य मन्त्री अनुप्रिया पटेलले स्वास्थ्य क्षेत्रमा देशका प्रशसंनीय उपलब्धिहरूबारे प्रकाश पार्नुभयो। उहाँले सबैसित स्वास्थ जीवनशैली अप्नाउने अपील गर्नुभएको छ।

**कमिटी हेल्थ सेन्टर**

यसीबीच विश्व स्वास्थ्य दिवसको अवसरमा राज्यका स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जी. टी ढ़ंगेलले आज जोरथाङमा पचास पलङयुक्त मातृ तथा शिशु स्वास्थ्य शाखा एवम् सामुदायिक केन्द्रको उद्घाटन गर्नुभयो। उहाँले सामसिङमा पनि उप स्वास्थ्य केन्द्रको पनि उद्घाटन गर्नुभयो। मन्त्रीले भन्नुभयो यी केन्द्रहरूबाट स्वास्थ्य सेवाको क्षेत्रमा टेवा पुग्न जानेछ। श्री ढुंगेलले भन्नुभयो आमा र शिशुको स्वास्थ्यमा विशेष ध्यान दिन सकियो भने स्वस्थ समाजको निर्माण गर्न सकिनेछ।

NCORD **मिटिङ**

पाकिम जिल्ला प्रशासनिक केन्द्रमा आज नार्को (NARCO) समन्वय केन्द्रको बैठक बस्यो। जिल्लामा नशालु पदर्थसित सम्बन्धित गुप्तचर क्रियाकलापहरूलाई सुदृढ़ बनाउने उद्देश्यले डाकिएको बैठकको अध्यक्षता गर्दै जिल्लाधीश रोहन अगवानेले प्रत्येक विभागमा गुप्तचर नेटवर्क भए नभएको जानकारी लिएर यसका लागि प्रयोग गरिने तन्त्रको समीक्षा गर्नुभयो। उहाँले सम्बन्धित विभागहरूलाई निकट समन्वय राखेर काम गर्ने अनि नशालु पदार्थसित सम्बन्धित गतिबिधिहरूमाथि ध्यान केन्द्रित गर्नका लागि सहयोगात्मक दृषिटिकोण अप्नाउने निर्देश दिनुभएको छ।

श्री अगवानेको अधिकारीहरूलाई सम्बन्धित कार्यालयहरूमा सतर्कता कायम राख्ने परामर्श पनि दिनुभयो। बैठकमा महकुमा अधिकारीहरू , प्रखण्ड विकास अधिकारीहरू , सशस्त्र सेनाबल अनि वाणिजय कर प्रभाग, आबकारी, वन, स्वास्थ्य, श्रम, पुलिस र समाजकल्याण विभागका अधिकारीहरू उपस्थित थिए।

**राबोङ फेस्टिभल**

डिस्कभर राबोङ छो –जो उत्सव 2025 यसै महीना एघार तारीकदेखि शुरू हुनेछ। प्रकृति, संस्कृति र खेलको समागम स्वरूप छ दिवसीय उत्सवको आयोजना पर्यटन तथा नागरिक उड्डयन विभागको सहयोगमा डिस्कभर राबोङ छो जो उत्सव समितिले गरिरहेछ। पहिलो मुख्यमन्त्री स्वर्णकप खुल्ला भलीबल टुर्नामेण्ट यसको  विशेष आकर्षण रहनेछ। यसबाहेक उत्सवमा पारम्परिक खेल प्रतियोगिता, हस्तकला प्रदर्शनी, पाकपकवान स्थल, पुष्प प्रदर्शनी र सांगीतिक कार्यक्रम प्रस्तुत गरिनेछ।

**युथ कन्फरेन्स**

अर्कोतिर अन्तर्राष्ट्रिय युवा सम्मेलन आँउदो शनिवार बाह्र अप्रेलदेखि याङगाङमा आयोजित हुनेछ। पर्यटन विकासका लागि आयोजना गरिने तीन दिवसीय उत्सवका लागि याङगाङ  घिर्लिङ र स्काईवक आकर्षणका केन्द्र रहने बताइएको छ। राज्य विधानसभाकी उपाध्यक्ष तथा राङगाङ याङगाङकी विधायक राजकुमारी थापाले भन्नुभएकोछ राज्यमा पर्यटनको प्रवर्द्धन गर्ने सरकारको प्रतिवद्धता अनुरूप दिगो पर्यटनको आधार खड़ा गरेर युवाहरूलाई सशक्त बनाउनु उत्सवको उदेश्य रहेको छ।

**बास्केटबल**

सिक्किमको अण्डर 16 बास्केटबल टीमले पुडुचेरीमा आयोजित हुने युवा राष्ट्रिय ब्याडमिण्टन च्याम्पियनशीपमा राज्यको प्रतिनिधित्व गर्ने भएको छ। यो प्रतियोगिता आँउदो बुधवार नौ अप्रेलदेखि शुरू भएर सोह्र अप्रेलमा समाप्त हुनेछ।
राज्यको टोलीमा विभिन्न पाठशालाका गरी एघारजना खेलाड़ीहरू सामेल छन्। खेल मनात्री श्री राजु बस्नेतले आज खेलाडीहरू र टीम प्रबन्धकसित भेट गरी उनीहरूलाई टुर्नामेण्टको लागि शुभकामना दिनुभयो।

**वेदर**

राज्यमा विगत केही दिनदेखि मौसममा परिवर्तन देखिएको छैन र तापमान एकै प्रकारको रहेको छ। स्थानीय मौसम विज्ञान विभागको रिपोर्ट अनुसार गान्तोक र नरपर क्षेत्रमा बितेको चौविस घण्टामा अधिकतम तापमान एककाइस दशमलउ सात (21.7%)  डिग्री सेल्सियस र न्यूनतम तापमान तेह्र दशमलउ पाँच डिग्री सेल्सियस रेकार्ड गरियो। भोलि विभागले अधिकतम एक्काइस डिग्री र न्यूनतम चौध डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ।